रामधुनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
(प्रथम पटक प्रकाशित मिती २०७७।०९।०९ गते)

यस नगरपालिका अन्तर्गत रहेका व्यक्तिगत घटना दर्ताको हस्तलिखि अभिलेखहरु डिजीटाइजेशन (स्क्यान र डाटा इन्ट्री) गर्ने कार्य राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको स्वीकृत वजेट तथा कार्यक्रमको परिधी भित्र रहि परामर्श सेवा खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्म वा संस्था वा कम्पनीहरुले देहायको शर्त भित्र रहि दरभाउ पत्र पेश गर्नहुन सम्वन्धित सवैमा जानकारीको लागी यो सुचना प्रकाशन गरीएको छ ।

| क.स. | रिफेन्स नं. | कामको विवरण | स्थान | ल.इ.मु.अ. कर समेत | जमानत बापतको रकम |
|---|---|---|---|---|---|
| १ | **NP-DOCR-183661A-DS** | Vital Events Registration Digitization (62,000 data entry and 9800 Pages Scanning) | रामधुनी नगर क्षेत्र | रु ४,०१,०००.०० | रु २०,०००.०० |

## दरभाउका शर्तहरु

- सिलवन्दि दरभाउ पत्र फारम रु १०००(एक हजार मात्र ) यस कार्यलयको राजश्व शाखामा वा रामधुनी नगरपालिकाका एन.आई.सि.एसिया वैक लिमिटेड शाखा झुम्कामा खाता नं. ग १-१ ०८९२०५००२३९०८००२ खातामा बुझाइ सक्कलै रसिद तथा आ.व २०७६।७७ का नविकरण गरेको फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलीपी पेश गरी सुचना प्रकाशित मितीले १५ दिन भित्र खरिद गर्न सकिने छ
- सिलवन्दि दरभाउ पत्र १६ औ दिनको १२ बजे भित्र यस कार्यालय भित्र दर्ता गराइ सक्नु पर्ने छ । दर्ता हुन आएका शिलवन्दी दरभाउ पत्र सोही दिनको २:०० बजे यसै कार्यालयमा खोलिने छ ।
- दरभाउ पत्र पेश गर्दा धरौटी बापतको रकम रामधुनी नगरपालिकाको एन.आई.सि.एसिया वैक लिमिटेड शाखा झुम्कामा रहेको ग ३ स्थानिय तह धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ नगद जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त क वर्गको वैकको कम्तिमा ७५ दिन म्याद भएको विडवंड पेश गर्नु पर्ने छ।
- दर्ता हुनेदिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा पेश गर्नु पर्नेछ ।
- दरभाउ पत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्ने छ। यदि अंक र अक्षरमा फरक फरक पर्न गएमा अक्षरलाइ मान्यता दिइनेछ।
- एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको दरभाउ पत्रमा फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।
- यस सुचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- नेपाल सरकार वा अन्य निकायको कालो सुचीमा परेको व्यक्ति वा फर्मले दरभाउ पत्रमा भाग लिन पाउने छैन । साथै नगरपालिकालाइ गत विगतमा कुनै रकम तिर्नु बुझाउनु बाकी वक्यौता रहेको वेरुजु कायम भै फर्छ्यौटको ताकेतामा परेको तर फर्छ्यौट नगरेको व्यक्ति वा यस्ता व्यक्ति संचालक भएको फर्म समेत दरभाउ पत्रमा पेश गर्न अयोग्य हुनेछ ।
- दरभाउपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

विस्तृत विवरण यस कार्यलयको सुचना पाटी तथा वेवसाइट www.ramdhunimun.gov.np मा हेर्न सकिने छ

२०७७।०९।०९

प्रमुख प्रशासकिय अधिकृत